**M.A., M.Sc. Part - II (Annual) Examination, 2013**
**(Under DE Stream)**

# नेपाली

## छैटौं पत्र

## (साहित्य-तत्त्व, साहित्य-सिद्धान्त र समालोचना पद्धति)

## प्रथमार्ध

## (साहित्य-तत्त्व र पूर्वीय साहित्य सिद्धान्त)

समय - दुई घण्टा पूर्णाङ्क - ५०

१. रीति, मार्ग र शैली शब्दहरूका अर्थ र प्रयोग-परम्पराको विवेचना गर्दै काव्य-शैलीबारे भारतीय आचार्यहरूका धारणाको समीक्षा गर्नुहोस्। २०

*अथवा*

'ध्वनि' शब्दका विविध अर्थमाथि प्रकाश पार्दै ध्वनिका प्रमुख भेदहरूबारे सोदाहरण चर्चा गर्नुहोस्।

२. कुनै दुइवटा विषयबारे समीक्षात्मक टिप्पणी लेख्नुहोस् : १०×२=२०

(क) काव्यगुण।

(ख) रसको प्रकृति र स्वरूप।

(ग) अलङ्कार र अलङ्कार्य।

(घ) औचित्यवाद।

३. तलका कुनै ***पाँचवटा*** विषयमा परिचयात्मक टिप्पणी लेख्नुहोस्। प्रत्येक टिप्पणी पाँचदेखि सात वाक्यभित्र लेखिएको हुनुपर्छ।

२×५=१०

(क) सहृदय।

(ख) अरोचकी आलोचक।

(ग) वैदर्भी रीति।

(घ) अजहल्लक्षणा।

(ङ) रस-निष्पत्ति।

(च) गुणीभूतव्यङ्ग्य काव्य।

(छ) स्वशब्दवाच्यता दोष।

(ज) तात्पर्य वृत्ति।

(झ) नायक।

(ञ) भट्टनायक।

---

# M.A., M.Sc. Part - II (Annual) Examination, 2013
## (Under DE Stream)

## नेपाली

## छैटौँ पत्र

## (साहित्य-तत्त्व, साहित्य-सिद्धान्त र समालोचना पद्धति)

## द्वितीयार्ध

## (पाश्चात्य साहित्य-सिद्धान्त र समालोचना पद्धति)

समय - दुई घण्टा पूर्णाङ्क - ५०

१. पाश्चात्य समालोचना सिद्धान्तका प्रमुख आधारहरू चिनाउँदै कलावादी काव्यसिद्धान्तका मूलभूत मान्यताहरूमाथि प्रकाश पार्नुहोस्। २०

*अथवा*

मनोविश्लेषणवादी समालोचना पद्धतिको विकासक्रममाथि प्रकाश पार्दै नेपाली साहित्यालोचनामा यसको प्रभावबारे विवेचना गर्नुहोस्।

२. कुनै दुई विषयमा समीक्षात्मक टिप्पणी लेख्नुहोस् : १०×२=२०

(क) रूपवादी समालोचना पद्धति।

(ख) ऐतिहासिक पद्धति।

 P.T.O.

(ग) आई.ए. रिचर्ड्सका दृष्टिमा कला र सत्य।

(घ) अनुकरणविरोधी मत।

३. तलका कुनै ***पाँचवटा***बारे टिप्पणी लेख्नुहोस् : २×५=१०

(क) विरेचन।

(ख) सौन्दर्यात्मक सत्य।

(ग) वस्तुगत समीकरण।

(घ) छन्द।

(ङ) काव्य-मूल्य।

(च) केनेथ बर्क।

(छ) तनाउ।

(ज) विरोधाभास।

(झ) शैलीचिह्नक।

(ञ) आइरोनी।

---

# M.A., M.Sc. Part - II (Annual) Examination, 2013
## (Under DE Stream)

## नेपाली

### सातौँ पत्र

### (नेपाली गद्य साहित्य)

### प्रथमार्द्ध

### (नेपाली निबन्ध)

समय - दुई घण्टा पूर्णाङ्क - ५०

१. नेपाली निबन्धको विकासमा लक्ष्मीप्रसाद देवकोटाका 'लक्ष्मी निबन्ध सङ्ग्रह'को ऐतिहासिक मूल्य दर्शाउँदे उनको 'पहाडी जीवन' निबन्धको विवेचनात्मक अध्ययन प्रस्तुत गर्नुहोस्। २०

*अथवा*

नेपाली हास्य-व्यङ्ग्य निबन्धको बिकासको इतिहास देखाउँदै केशवराज पिँडालीको 'खै-खै' निबन्धको समीक्षात्मक मूल्याङ्कन गर्नुहोस्।

२. निम्नलिखित कुनै **दुई** विषयमा समीक्षात्मक टिप्पणी लेख्नुहोस् : १०×२=२०

(क) 'प्यारिसकी पोक्ची'-को गद्य शिल्प।

(ख) 'नेपाली हाम्रो मातृभाषा'।

(ग) भैरव अर्यालको व्यङ्ग्य-शैली।

(घ) भावात्मक निबन्ध 'तसवीर'।

३. निम्नलिखित कुनै ***पाँचवटा*** प्रश्नका उत्तर लेख्नुहोस्। प्रत्येक उत्तर पाँचदेखि सात वाक्यमा लेख्नुपर्छ। २×५=१०

(क) 'चीन बादसाह. सित ठुलो. घाहा राष्नु. दषिन को. समुन्द्र का. बादसाह. सित घाहा ता राष्नु तर. त्यो महाचतुर छ।'

– प्रस्तुत वाक्य कुन निबन्धबाट उद्धृत गरिएको हो ? घाहा भनेको के हो ? दषिनको बादसाह भन्नाले को बुझिन्छ ?

(ख) 'गोर्खा समाज सुधारको आवश्यकता' मा के-कस्ता सुधारको चर्चा गरिएको छ ?

(ग) समको 'बर्दहामा सिकार' निबन्ध हो कि कथा हो ? किन ?

(घ) 'दाडिमको रूखनेर' निबन्धमा 'दाडिमको रूख' ले के सङ्केत गर्दछ ?

(ङ) 'जयभुँडी' कस्तो शैलीको निबन्ध हो ? निबन्धको यो शीर्षक कतिसम्म सार्थक छ ? कसरी ?

(च) 'प्यारिसको पोकची'-को पोकची को थिई ? उनका के-के विशेषताहरू थिए ?

(छ) आत्मपरक र वस्तुपरक निबन्धमा के भिन्नता छ ?

(ज) 'हाँस्न जान्नु पनि ठूलो कला हो!' यो वाक्य कसले, कुन निबन्धमा र किन भनेका हुन् ?

(झ) निबन्ध विधाका जनक को हुन् ? निबन्धको साहित्यिकता निर्धारण गर्ने आधार के हुन् ?

(ञ) निबन्धकारले पढेको व्यक्तिलाई किन मूर्ख मानेका छन् ? पढेका व्यक्ति साँच्चै मूर्ख हुछन् ? कसरी ?

**M.A., M.Sc Part - II (Annual) Examination, 2013**
**(Under DE Stream)**

# नेपाली

## सातौं पत्र

## (नेपाली गद्य साहित्य)

## द्वितीयार्द्ध

## (नेपाली समालोचना)

समय - दुई घण्टा पूर्णाङ्क - ५०

१. नेपाली साहित्यमा समालोचना विधाको स्वरूप र प्रवृत्तिबारे चर्चा गर्दै नेपाली समालोचनामा पाश्चात्य समालोचनाको प्रभाव र प्रेरणा बारे विवेचना गर्नुहोस्। २०

*अथवा*

वासुदेव त्रिपाठीका समालोचनात्मक प्रवृत्तिमाथि प्रकाश पार्दै उनको 'नेपाली कविताको नवीनतम धारा : परम्पराको सापेक्षतामा' - शीर्षक समालोचनाबारे विवेचना गर्नुहोस्।

२. निम्नलिखित कुनै **दुई** विषयमा समीक्षात्मक टिप्पणी लेख्नुहोस् : १०×२=२०

(क) समालोचकका रूपमा इन्द्रबहादुर राई।

(ख) ईश्वर बरालका समालोचनात्मक प्रवृत्ति।

(ग) समालोचनाको प्रयोजन।

(घ) ऐतिहासिक समालोचना।

३. निम्नलिखित कुनै ***पाँचवटा*** प्रश्नका उत्तर लेख्नुहोस्। प्रत्येक उत्तर पाँचदेखि सात वाक्यमा हुनुपर्छ। २×५=१०

(क) "हाम्रो समालोचना लघु कथा जस्तो भयो उपन्यास बन्न सकेन"। प्रस्तुत कथन कुन समालोचकको हो ? यो भनाइ कुन रचनाबाट उद्धृत गरिएको हो ?

(ख) "समालोचना तीतो नभई समालोचना ठहरिन्न"– प्रस्तुत कथन कुन समालोचकको हो ? समालोचना तीतो हुनु भन्नाको तात्पर्य के हो ?

(ग) 'टिपेका टिप्पणीहरू' कुन सालमा पहिलोपल्ट छापिएको थियो ? दोस्रोपल्ट छापिदा त्यसमा कुन कुन रचनाहरू थपिए ?

(घ) अनुसन्धानमूलक समालोचना भनेको के हो ? यसका पमुख लक्षण के के हुन् ?

(ङ) 'भानुभक्ताचार्यको जीवन-चरित्र' - पुस्तकको महत्त्व के छ ? के साँचै यो पुस्तक नेपाली समालोचनाको माइलखुट्टी हो ?

(च) टीका-विधि भनको कस्तो समालोचनात्मक विधि हो ? के टीका विधि र भाष्य-विधि एकै विधि हुन् ?

(छ) राजनारायण प्रधान कस्ता समालोचक हुन् ? उनको प्रसिद्ध समालोचनात्मक कृतिको नाम के हो ?

(ज) बालचन्द्र शर्माका समालोचनात्मक प्रवृत्तिहरू के के हुन् ?

(झ) 'गिरीका कवितामा जातीय भावना' - शीर्षक समालोचनाका लेखक को हुन् ? यस समालोचनामा 'जातीय भावना' को तात्पर्य के छ ?

(ञ) समालोचना र आलोचना शब्दहरूमाझ के भिन्नता छ ?

———

**M.A., M.Sc. Part - II (Annual) Examination, 2013**
**(Under DE Stream)**

# नेपाली

## आठौँ पत्र

## (तुलनात्मक भारतीय साहित्य र विश्वसाहित्यको सर्वेक्षण)

## प्रथमार्द्ध

## (तुलनात्मक भारतीय साहित्य)

समय - दुई घण्टा पूर्णाङ्क - ५०

१. 'भारतीय साहित्य' को अवधारणामाथि प्रकाश पार्दै तुलनात्मक साहित्यका रूपमा यसको वैशिष्ट्यबारे भारतीय अध्येताहरूले व्यक्त गरेका मतहरूको समीक्षात्मक विवरण प्रस्तुत गर्नुहोस्। २०

*अथवा*

तुलनात्मक साहित्यको स्वरूपबारे चर्चा गर्दै पेरिस सम्प्रदाय र अमेरिकेली सम्प्रदायका मान्यताहरूको तुलनात्मक समीक्षा गर्नुहोस्।

२. कुनै दुईवटा विषयमा समीक्षात्मक टिप्पणी लेख्नुहोस् : १०×२=२०

(क) तुलनात्मक साहित्यको रसियाली सम्प्रदाय।

(ख) नेपालीमा तुलनात्मक साहित्यको परम्परा र वर्तमान स्थिति।

(ग) तुलनात्मक साहित्य र प्रभाव अध्ययन।

(घ) अनुवादको भारतीय परम्परा र पद्धति।

३. तलका कुनै ***पाँचवटा*** विषयमा टिप्पणी लेख्नुहोस्। प्रत्येक टिप्पणी पाँचदेखि सात वाक्यभित्र लेखिएको हुनुपर्छ। ५×२=१०

(क) ज्याँ मेरी क्यारे।

(ख) एककालिक तुलनात्मक अध्ययन।

(ग) तुलनात्मक साहित्यमा 'संश्लेषण'।

(घ) तुलनात्मक सहित्यमा इतिहाससम्मतता।

(ङ) साधर्म्य र सारूप्य

(च) द्विचरतावाद।

(छ) अन्तर्पाठात्मकता।

(ज) साहित्यको सार्विकता।

(झ) तुलनात्मक साहित्यमा 'देश'-को अवधारणा।

(ञ) 'शाश्वत साहित्य'।

---

PG-II(DE)/2013

M.A., M.Sc. Part - II (Annual) Examination, 2013
(Under DE Stream)

# नेपाली

## आठौँ पत्र

## (तुलनात्मक भारतीय साहित्य र विश्वसाहित्यको सर्वेक्षण)

## द्वितीयार्द्ध

## (विश्वसाहित्यको सर्वेक्षण)

समय - दुई घण्टा पूर्णाङ्क - ५०

१. रसियाली साहित्यमा टल्सटय र दस्तोएभ्स्कीको योगदान बारे विशद् विवेचना गर्नुहोस्। २०

*अथवा*

नाटककार बर्टोल्ट ब्रेख्टको नाट्यसाधनाको उल्लेख गर्दै तिनका नाटकका विशेषताहरू दर्शाउनुहोस्।

२. कुनै दुई विषयमा समीक्षात्मक टिप्पणी लेख्नुहोस् : १०×२=२०

(क) कवि वाल्ट ह्विटमनको काव्य-उपलब्धि।

(ख) हिन्दी साहित्यमा पं० राहुल सांकृत्यायन।

(ग) भवभूतिका नाट्यगत विशेषता।

(घ) कथाकार चेखव र मोपासाँ।

३. कुनै ***पाँचवटा*** बारे टिप्पणी गर्नुहोस्। प्रत्येक टिप्पणी पाँचदेखि सात वाक्यभित्र हुनु अनिवार्य छ : २×५=१०

(क) लैला-मजनू।

(ख) 'पञ्चतन्त्र'का पाँच अनुभाग।

(ग) दीपशिखा कालिदास।

(घ) 'पोएट अफ दि पोएट्स'।

(ङ) 'बाइबल अफ डेमोक्रेसी'।

(च) शूद्रक।

(छ) 'युद्ध र शान्ति'।

(ज) 'प्रमेथियस अनबाउण्ड'।

(झ) शरतचन्द्रको 'देवदास'।

(ञ) 'एक बौलाहाको डायरी'।

# M.A., M.Sc. Part - II (Annual) Examination, 2013
## (Under DE Stream)

## नेपाली

### विशेष अध्ययन

**(परीक्षार्थीहरूले नवौँ पत्र र दसौँ पत्रमध्ये कुनै एउटा पत्रको मात्र प्रश्नहरूका उत्तर लेख्नुपर्छ)**

समय - दुई घण्टा पूर्णाङ्क - ५०

### नवौँ पत्र

**(लोकसाहित्यशास्त्र र नेपाली लोकसाहित्य एवं संस्कृति)**

### प्रथमार्द्ध

**(लोकसाहित्यशास्त्र)**

१. लोकवार्ताका मूलभूत विशेषताहरू चिनाउँदै लोकसाहित्यको एउटा मुख्य विधाका रूपमा लोकगीतका विशेषता, वर्गीकरण र महत्त्वबारे चर्चा गर्नुहोस्। २०

*अथवा*

लोकसाहित्य अध्ययनको परम्परा अनि त्यसको विकासमाथि टिप्पणी गर्दै लोकवार्ता अध्ययनको रूपतत्त्ववादी पद्धतिका विषयमा लेख्नुहोस्।

२. कुनै ***दुईवटा*** विषयमा समीक्षात्मक टिप्पणी लेख्नुहोस् : १०×२=२०

(क) लोककथा : वैशिष्ट्य र महत्त्व।

(ख) लोकवार्ता अध्ययनको अर्थतत्त्ववादी पद्धति।

(ग) लोकवार्ता र अन्य ज्ञानानुशासनमाझ सम्बन्ध।

(घ) आधुनिक समाज र लोकवार्ताको सन्दर्भ।

३. कुनै ***पाँचवटा*** विषयमा संक्षिप्त टिप्पणी लेख्नुहोस्। प्रत्येक टिप्पणी पाँचदेखि सात वाक्यभित्र हुनु आवश्यक छ। २×५=१०

(क) लोक।

(ख) जी. एस. फ्राजर।

(ग) लोककाव्य।

(घ) लोकवार्ताको संरक्षण।

(ङ) लोकगाथाका मूल विशेषता।

(च) लोकसाहित्य र आधुनिक मिडिया।

(छ) लोकनाटकको महत्त्व।

(ज) लोकविश्वास।

(झ) लोकखाद्यको महत्त्व।

(ञ) पुराकथा र अभिप्राय।

---

## दसौँ पत्र

## प्रथमार्द्ध

## (महाकवि लक्ष्मीप्रसाद देवकोटाका महाकाव्यहरू)

१. 'क्रान्ति' र 'आन्दोलन' - को अर्थ स्पष्ट पारेर 'प्रमिथस' महाकाव्यमा अभिव्यञ्जित क्रान्तिकारी-मानवतावादी स्वरको सोदाहरण विवेचना गर्नुहोस्। २०

*अथवा*

रोमाण्टिक धाराका मुख्य मुख्य प्रवृत्तिहरूको सम्यग् परिचय दिएर "शाकुन्तल"-लाई रोमाण्टिक महाकाव्यका रूपमा चिनाउने बुँदाहरू केलाएर देखाउनुहोस्।

२. कुनै दुई विषयमा समीक्षात्मक टिप्पणी लेख्नुहोस् :

१०×२= २०

(क) "सुलोचना" महाकाव्यको दार्शनिक पक्ष।

(ख) "महाराणा प्रताप" महाकाव्यका सालुम्ब्रा सरदार।

(ग) "पृथ्वीराज चौहान" महाकाव्यको संयोगीता।

(घ) कवित्वको गुणस्तरका दृष्टिले 'वनकुसुम' महाकाव्य।

३. कुनै **पाँच** प्रश्नका उत्तर लेख्नुहोस्। प्रत्येक प्रश्नोत्तर पाँचदेखि सात वाक्यभित्र हुनु वाञ्छनीय छ। २.५–१०

(क) मृत्युलाई वीर ! नभन हार
धमण्डमात्र धोक्राको भार
सच्चाइ दिल झै गलाको हार
आँशुको तर्पणले,

– प्रस्तुत कविता पङ्क्ति कहाँबाट उद्धृत गरिएका हुन् र कसले, कुन सन्दर्भमा भनेका हुन् ? स्पष्ट पार्नुहोस्।

(ख) "त्यसैले होला महाकविका काव्यकृतिलाई 'द्रोणाचल' पर्वत भनिएको"।

– प्रस्तुत भनाइ कसको हो र महाकवि देवकोटाका काव्यकृतिलाई 'द्रोणाचल' पर्वत भन्नाको तात्पर्य के हो ? स्पष्ट पार्नुहोस्।

(ग) महाकाव्यको कस्ता कथावस्तुलाई प्रकरी भन्न सकिन्छ ? पताका र प्रकरीमा के अन्तर छ ? सुलोचना महाकाव्य बाट एउटा उदाहरण पनि दिनुहोस्।

(घ) "शाकुन्तल" महाकाव्यलाई वैदर्भीरीति र माधुर्य गुण प्रधान मधुर रचना भन्न सकिन्छ ? किन ? स्पष्ट पार्नुहोस्।

(ङ) कर गरेर करले पर।
घर घरै भँवरो गठरो हुने।।
भुनु भनूँ नभनुँ अझ भाँत्तिने।
मनभने नभने अझ आत्तिने।।

- प्रस्तुत कविता पङ्क्ति कहाँबाट उद्धृत गरिएका हुन् ? रेखाङ्कित पदमा कुन अलङ्कार पर्न गएको छ। कससी ? स्पष्ट पार्नुहोस्।

(च) "प्रमिथस" महाकाव्यका प्रमिथसले स्वर्गबाट आगो चोरेर कहाँ लगेका थिए र किन लगेका थिए ? स्पष्ट पार्नुहोस्।

(छ) "शाकुन्तल" - को वक्तव्य मा देवकोटाले "नेपाली महाकाव्य आइसल्याण्डको सर्पजस्तो थियो" भन्नाको तात्पर्थ के हो ? स्पष्ट पार्नुहोस्।

(ज) देवकोटाको "शाकुन्तल" महाकाव्यको कथावस्तु कविकल्पित हो कि प्रसिद्ध हो ? किन? स्पष्ट पार्नुहोस्।

(झ) रस भावका दृष्टिले 'महाराणा प्रताप' कुन रस प्रधान महाकाव्य ठहर्छ ? किन ? स्पष्ट पार्नुहोस्।

(ञ) 'पृथ्वीराज चौहान' महाकाव्य संयोगान्त महाकाव्य हो कि वियोगान्त महाकाव्य हो ? किन? स्पष्ट पार्नुहोस्।

# M.A., M.Sc. Part - II (Annual) Examination, 2013
## (Under DE Stream)

## नेपाली

### विशेष अध्ययन

**(परीक्षार्थीहरूले नवौँ र दसौँ पत्रमध्ये कुनै एउटा पत्रको मात्र प्रश्नहरूका उत्तर लेख्नुपर्छ)**

समय - दुई घण्टा पूर्णाङ्क - ५०

### नवौँ पत्र

**(लोकसाहित्यशास्त्र र नेपाली लोकसाहित्य एवं संस्कृति)**

### द्वितीयार्द्ध

**(नेपाली लोकसाहित्य र लोकसंस्कृति)**

१. नेपाली लोकजीवनका मौलिक पक्षहरूमाथि प्रकाश पार्दै नेपाली लोकनाटकका वैशिष्ट्य, प्रयोजन र महत्त्वबारे विशद् चर्चा गर्नुहोस्। २०

*अथवा*

आधुनिक समाजमा नेपाली लोकसाहित्यको प्रचलन र स्थितिमाथि टिप्पणी गर्दै नेपाली लोकजीवनमा प्रचलित लोकसाहित्यका प्रकीर्ण भेद र तिनका उपयोगिताबारे चर्चा गर्नुहोस्।

२ कुनै ***दुईवटा*** विषयमा समीक्षात्मक टिप्पणी लेख्नुहोस् :

१०×२=२०

(क) नेपाली लोकगाथा।

(ख) नेपाली पर्वगीत।

(ग) नेपाली लोकजीवनका मौलिक पक्षहरू।

(घ) नेपाली लोककथाका प्रकारहरू।

३. कुनै ***पाँचवटा*** विषयमा संक्षिप्त टिप्पणी लेख्नुहोस्। प्रत्येक टिप्पणी पाँचदेखि सात वाक्यभित्र हुनु आवश्यक छ। २×५=१०

(क) बाह्रमासे।

(ख) फरी लाउनु।

(ग) पुरसुङ्गी।

(घ) सोरठी।

(ङ) च्यब्रुङ/यथन।

(च) माघे सँग्राती।

(छ) पन्चैबाजा।

(ज) ल्वाँगी।

(झ) झ्याउरे गीत।

(ञ) कन्यार्थ।

---

## दसौँ पत्र

## द्वितीयार्द्ध

## (महाकवि लक्ष्मीप्रसाद देवकोटाका खण्डकाव्य र फुटकर कविताहरू)

१. भाव, भाषाशैली एवम् छन्दलय विधानका दृष्टिले 'भिखारी' कविता सङ्ग्रहका 'भिखारी', 'सन्ध्या' र 'यात्री' कविताहरूको विवेचनात्मक अध्ययन प्रस्तुत गर्नुहोस्। २०

*अथवा*

आयाम एवम् संरचना-स्वरूप, विषयवस्तु, प्रतीक-बिम्ब-अलङ्कार योजना र कवित्वको गुणस्तरका दृष्टिले 'मायाविनी सर्सी' खण्डकाव्यको समीक्षात्मक अध्ययन प्रस्तुत गर्नुहोस्।

२. कुनै **दुई** विषयमा समीक्षात्मक टिप्पणी लेख्नुहोस् :

१०×२=२०

(क) "झञ्झावर्णन" खण्डकाव्यमा पाइने रोमाण्टिक प्रकृतिकेन्द्री सौन्दर्य चेत र क्रान्तिकारी चेत।

(ख) "कुञ्जिनी"-की कुञ्जिनी।

(ग) "मुना मदन" -मा प्रतिबिम्बित सामाजिक आदर्श।

(घ) मानसिक, आत्मिक प्रेमको महिमा गानका दृष्टिले "लूनी" गीतिकाव्य।

३. कुनै ***पाँच*** प्रश्नका उत्तर लेख्नुहोस्। प्रत्येक प्रश्नोत्तर पाँचदेखि सात वाक्यभित्र हुनु आवश्यक छ।  २×५=१०

(क) 'पागल' कविताका रचयिता के साँच्चै नै पागल थिए ? उनले 'जरूर साथी म पागल / यस्तै छ मेरो हाल' भन्नेर के भनेका हुन्, किन भनेका हुन् ? स्पष्ट पार्नुहोस्।

(ख) "म्हेन्दु" को नामकरण सार्थक छ ? किन ? स्पष्ट पार्नुहोस्।

(ग) झञ्झा पनि गाउँथ्यो,
जसरी गाउँछन् कवि
उग्र मस्तिष्कमा भरिएका
सङ्घर्षित युगका भार।

– प्रस्तुत कविता पङ्क्ति कहाँबाट उद्धृत गरिएका हुन् ? यहाँ कुन अलङ्कार पर्न गएको छ ? कसरी, स्पष्ट पार्नुहोस्।

(घ) "दर्शन हाम्रो पुच्छरमा छ घुम्रेको,
व्यक्तित्व हाम्रो पोशाकमा छ उम्रेको।।

- प्रस्तुत कविता पङ्क्ति कुन कवितावाट उद्धृत गरिएका हुन् ? प्रस्तुत कविता पङ्क्तिका माध्यम कविले के भनेका हुन् ? गूढार्थ स्पष्ट पार्नुहोस्।

(ङ) "उनी खोला झैं थिए, अडुनलाई असमर्थ युगधारामा बग्नु नै उनले आफ्नो धर्म मानेका थिए" - भनेर महाकवि देवकोटाबारे किन भनिएको हो ? तात्पर्य स्पष्ट पार्नुहोस्।

(च) महाकवि देवकोटाले मृत्युशय्यामा रचेको अन्तिम कविता कुन हो ? त्यस कविताका थालनीका चार पङ्क्ति लेख्नुहोस्।

(छ) काँढा कुल्चे फुल फुलदछन्, आँसु नै मोति हुन्छन्,
घाउ लागे, सुख बनदछन्, रोदनै हास्य बन्छन्।
दारिद्र्यैले ढुकुटि भरने, क्लेश बन्ने विलास,
धर्मैको हो पथ, पथिक हो धर्म हो एक आस।।

– प्रस्तुत कविता पङ्क्ति कुन छन्दमा छन् ? लक्षण सहित छन्दको नाम लेख्नुहोस्।

(ज) तिमी पाँच इन्द्रियले काम गर्छौ,
म छैटौंले।

प्रस्तुत कविता पङ्क्ति कुन कविताबाट उद्धृत गरिएका हुन् ? पाँच इन्द्रियहरू के के हुन् र कविले छैटौं इन्द्रिय भनेर केलाई भनेका हुन् ? किन ? स्पष्ट पार्नुहोस्।

(झ) गुलाबहरूको हाँसोबीच यो,

एक उन्यौंको रोदन।

– प्रस्तुत कविता पङ्क्ति कुन कविताबाट उद्धृत गरिएका हुन् ? यहाँ कविले 'गुलाबहरूको हाँसोबीच' 'एक उन्यौंको रोदन' भनेर के भनेका हुन् ? आशय स्पष्ट पार्नुहोस्

(ञ) 'भिखारी' कविता सङ्ग्रहको नामकरणमा औचित्यको निर्वाह हुन सकेको छ ? किन ? स्पष्ट पार्नुहोस्।